जिप्रका दर्ता : १०५८ (२०७८/०७९) पान नं. ६१७४५७७६९ समाज कल्याण परिषद : ५३७३५

# बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेश

# Collective Campaign for Child Rights (CCR-Karnali)



**Child Safeguarding Policy 2080 BS 1st edition 2080**

CCR-Karnali
Collective Campaign for Child Rights

**पहिलो संसोधन मिति : २६ असार २०८०**

Toll-free No.: 1810-50-00004|Phone: 083-590804|Email: cso@ccrkarnali.org.np
Address: Birendranagar Municipality -12, Surkhet |www.ccrkarnali.org.np

**<u>पृष्ठभुमी :</u>**

बालबालिका सम्बन्धी संयुक्त राष्ट्रसंघले जारी गरेको महासन्धी १९८९ को धारा -१९, बाल संरक्षण सम्बन्धी विश्वव्यापी सिद्धान्तलाई आधार मान्दै बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशले बाल अधिकार हनन्, बाल यौन शोषण दुर्व्यवहार, र बाल श्रमका विरुद्धमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशका पदाधिकारी, सदस्य, स्वयम्सेवक, कर्मचारी र संस्थाको सम्पर्कमा आउने सम्पुर्ण लाभग्राही वा सेवाग्राही व्यक्ति वा संस्था, बालबालिकाको सुरक्षा तथा संरक्षण गर्ने दायित्व प्रति संवेदनशिल हुदै आफ्ना हरेक कार्यक्रम तथा क्रियाकलापहरु अगाडि बढाउदछ । बालबालिका भन्नाले यस नीतिले १८ वर्ष उमेर पुरा नगरेकालाइ जनाउँदछ ।

बाल अधिकार शासन प्रर्बद्धन गर्न प्रचलित कानुन समेतलाई मध्यनजर गर्दे बालअधिकारको लागि साझा अभियान कर्णाली प्रदेशको विधान २०७८ अनुसार, परिच्छेद ७ को धारा २७ ले दिएको अधिकारका अधिनमा रहि बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशको बाल संरक्षण नीति, २०७८ जारी गरिएको छ ।

## परिच्छेद - १
## परिचय

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस नीतिको नाम बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको बाल संरक्षण नीति, २०७८ रहने छ । अंग्रेजीमा Child Safeguarding Policy (CSP), 2022 रहने छ ।

ख) यो नीति बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको साधारण सभा वा कार्यसमितिको बैठकले स्वीकृत वा अनुमोदन गरेको मितिबाट लागु हुने छ । तर कार्यसमितिले जारी गरेको मिति देखि हुने पहिलो साधारण सभामा सो को अनुमोदन गर्नु पर्ने छ ।

**२) बाल संरक्षण नीतिको उद्धेश्य :**

क) बाल अधिकार महासन्धी, १९९८ को मर्म र भावना अनुसार बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशमा आवद्ध कार्यसमिति, साधारण सदस्य, कर्मचारी, स्वयम्सेवक एवं सहकार्य गर्ने सम्पुर्ण सरोकारवालाहरुमा बाल संरक्षण, बाल अधिकार शासन प्रर्वद्धनमा सचेतना प्रदान गर्न, कसैबाट उल्लघंन भए गरेमा कसरी सम्बोधन, प्रतिवेदन गर्ने भन्ने बारे निर्देशित गर्ने ।

ख) देशमा महामारी र संकटकालको परिस्थिती सिर्जना भएमा बालबालिकाहरु लाई संरक्षणको लागि राज्यलाई जिम्मेवार बनाउन पैरवी गर्ने र संस्थाका गतिविधिहरुमा बाल संरक्षणलाई पहिलो प्रथामिकतामा राख्ने ।

**३) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

क) नीति भन्नाले, बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको बाल संरक्षण नीति भन्ने सम्झनु पर्दछ ।

ख) संस्था भन्नाले बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेश लाई सम्झनु पर्दछ ।

ग) साधारण सभा भन्नाले बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको विधानको धारा ११ अनुसारको सभालाई सम्झनु पर्दछ ।

घ) कर्मचारी भन्नाले बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको स्थायी, अस्थायी वा करारमा काम गर्ने कर्मचारी तथा विशेषज्ञलाई सम्झनु प्रर्दछ ।

ङ) बालबालिका भन्नाले नेपालको संविधान तथा बाल अधिकार महासन्धी अनुसार गर्भअवस्था देखि १८ वर्ष उमेर समुहका केटाकेटीहरुलाई बालबालिका भनिन्छ ।

च) तोकिएको भन्नाले अभियानको विधान र नीतिमा तोकिए बमोजिम र नतोकिएमा कार्यसमितिले ताके बमोजिम हुने छ ।

छ) बालसंरक्षण भन्नाले कुनैपनि बालबालिकालाई उनीहरुमाथी हुन सक्ने दुर्व्यवहार, शोषण, बेवास्ता र हिंसाबाट जोगाउने उपाय तथा संरचनालाई जनाउँदछ ।

ज) सचिवालय भन्नाले विधानको धारा १६ अनुसार गठित सचिवालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद २,
## मान्यता र सिद्धान्तहरु

**द्दाज्ञ) बाल अधिकारका ४ पक्षहरु :**

क) बाल बचाउनको अधिकार

ख) बाल संरक्षणको अधिकार

ग) बाल विकासको अधिकार

घ) बाल सहभागीताको अधिकार

**२.२) बाल अधिकारको ४ सिद्धान्तहरु :**

क) विना भेदभाव

ख) दिर्घजीवन र विकास

ग) सर्वोतम् हित

घ) विचार र भावनाको कदर

## २.३) बाल संरक्षण नीति २०७८ को मूल्य मान्यताहरु

क) बालबालिकाहरुलाई जात, धर्म, लिङ्ग, उमेर, रंग, भाषा, संस्कृती, भेषभूषा, सामाजिक आर्थिक हैसियत, अपाङ्गता, भौगोलिक बासस्थान आदीको आधारमा भेदभाव गरिने छैन ।

ख) बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशले बालबालिकाको लागि संचालिन गर्ने हरेक कार्यक्रमहरुमा बालबालिकाहरुको अर्थपुर्ण सहभागीता सुनिश्चित गरिने छ ।

ग) देशमा महामारी तथा संकटकालको अवस्थाको समयमा बालबालिकाहरुलाई विशेष संरक्षण र प्रथामिकतामा समेट्न सरकार संग वकालत तथा आफ्नो गतिविधिमा अवलम्वन गर्ने ।

# परिच्छेद ३,
# बालबालिकामाथी गर्न नहुने व्यवहारहरु

## ३.१) बालबालिकाहरु माथी गर्न नहुने व्यवहारहरु :

कर्मचारी, साझेदार तथा अन्य प्रतिनिधिहरुले देहायमा लेखिएका काम कहिल्यै पनि गर्नु हुदैन ।

१) बालबालिकालाई पिट्ने वा शारिरीक रूपमा आक्रमण वा शारिरीक दुर्व्यवहार गर्ने ।

२) १८ वर्ष भन्दा कम उमेरको कसैसँग पनि, शारिरीक रूपमा परिपक्वता र सहमति भएपनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न नहुने वा यौनसम्पर्क राख्ने ।

३) बालबालिकासँग कुनै पनि प्रकारको शोषणजन्य वा दुर्व्यवहार ठहर हुन सक्ने सम्बन्धको विकास र व्यवहार गर्ने ।

४) कुनै प्रकारको दुर्व्यवहार ठहर हुन सक्ने खालको क्रियाकलाप वा बच्चालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप गर्ने, गराउने ।

५) अनुपयुक्त, नसुहाउने वा दुर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाब वा सल्लाह नदिने ।

६) अनुपयुत्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्ने ।

७) विशेष प्ररिस्थिति र सम्बन्धित लाइन मेनेजरको पूर्व स्विकृति लिएकोमा बाहेक कार्यक्रमसँग सम्बन्धित बच्चा/बालबालिका सँग घरमा वा कुनै पनि स्थानमा रात बिताउने ।

८) कार्यक्रमसँग सम्बन्धित बालबालिका सँग एउटै ओछ्यानमा सुत्ने ।

९) विशेष परिस्थिति र सम्बन्धित लाइन सुपरभाईजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रमसँग सम्वन्धित बालबालिका सँग एउटै कोठामा सुत्ने ।

१०) बालबालिकाले आफै गर्न सक्ने व्यक्तिगत प्रकृतिका कामहरू पनि आफै सहयोग गर्नु ।

११) बालबालिकाको कुनैपनि गैरकानूनी, असुरक्षित वा दुर्व्यवहार जन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिने ।

१२) कुनैपनि क्रियाकलाप जसले बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दुर्व्ययवहार हुने खालका क्रियाकलाप गर्ने ।

१३) कुनै पनि बालबालिका प्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरि कुनै खास बालबालिकालाई बढी सहयोग गर्ने ।

१४) अरू भन्दा टाढा बालबालिका सँग अनावश्यक रूपमा धेरै समय बिताउने ।

१५) अनुचित व्यवहारको आरोप आउने जोखिमपूर्ण परिस्थितिमा आफूलाई पार्ने ।

पुनश्च : माथी उल्लेखित १५ वटा बुंदा अक्षरस पढि, बुझी यस बुदाँलाई समेटेर तयार पारेको हस्ताक्षर पत्र लाई संस्थाका सवै पदाधिकारी, कर्मचारी, सरोकारवालाहरुको हस्ताक्षर गर्नु प्रर्दछ । बाल सरक्षण नीतिको हस्ताक्षर पत्रको नमुना अनुसूची १ मा उल्लेख गरिएको छ ।

## परिच्छेद ४, सचेतना र दण्ड सजाँए

### ४.१.) बाल संरक्षण नीतिको बारेमा अभिमुखीकरण र सचेतना :

क) बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशका अध्यक्ष नीतिगत रुपमा संस्थाको बाल संरक्षण फोकल पर्सनको जिम्मेवारी प्रदान गरिएको छ ।

ख) अभियानमा संलग्न कुनै पनि पदमा बसेको व्यक्ति, साझेदार संस्था, लक्षित वर्ग संस्थामा सेवा प्रदान गर्ने, संस्था, कम्पनी, व्यक्ति आदीलाई यस नीतिको बारेमा पुर्व अभिमुखीकरण, तालिम कार्यशाला गोष्ठि वा व्यक्तिगत रुपमा समेत कम्तीमा १ घण्टाको सचेतना अभिमुखीकरण संचालन गर्नु पर्ने छ । अभिमुखीकरण पश्चात सहभागीलाई सो प्रति लिखित प्रतिबद्धता लिइने छ । सहभागीहरुलाई बाल संरक्षण नीतिको अभिमखुीकरण पाएको प्रमाण पत्र समेत प्रदान गरिने छ । प्रमाण पत्रको नमुना अनुसूची २ मा उल्लेख गरिएको छ ।

ग) अभियान वा परियोजनामा छनोट वा संलग्न भएका कुनै पनि सदस्य कर्मचारी स्वयम्सेवक तथा सहजकर्तालाई छनोट गरिएको १ हप्ता भित्र संस्थाको बाल संरक्षण नीति २०७८ लाई अभिमुखीकरण गरि हस्ताक्षर गर्नु पर्ने छ ।

घ) उजुरी दिने सवै माध्यामहरु बाल संरक्षण फोकल पर्सन र फोकल पर्सनको मोवाईल नम्वर, संस्थाको ईमेल, फोन नम्वर, संस्थाको उजुरी पेटीका आदीको बारेमा सवैमा सूचना प्रवाह गर्ने ।

ङ) बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको बाल संरक्षण नीति, २०७३ उलंघन भएमा पिडित पक्ष वा जोकोहीले पनि उजुरी हाल्न सक्ने छ । उजुरी लिखित, मौखिक, टेलिफोन, संस्थाको गुनासो पेटीकामा वा संस्थाको ईमेल मार्फत उजुरी दिन सकिने छ ।

## ४.२.) उजुरीको छानविन र दण्ड सजाए

क) संस्थाको बाल संरक्षण नीतिको उलंघन भएमा उजुरी भएको मितिले जति सक्यो छिटो सस्थाले एक देखि बढिमा तिन सदस्य छानविन समिति संस्थाको कार्यसमितिले गठन गरि घटनाको सुक्ष्म अध्ययन गर्ने र अध्ययनको प्रतिवेदन जति सक्यो छिटो उच्च गोपनियताका साथ बाल सरक्षण फोकल पर्सन लाई उपलब्ध गराउने ।

ख) छानविन समितिको प्रतिवेदन अनुसार बाल संरक्षण नीतिको उलघन भएको एकिन भएमा संस्थाले त्यस्ता पदाधिकारी, जुनसुकै तहको कर्मचारी, स्वयम्सेवीहरुलाई पद बाट पदच्युत गर्ने र कम्पनी तथा सप्लायर्सलाई एक आर्थिक वर्ष भरि कालो सूचीमा राख्ने र सवै कारोबारो बन्द गर्ने, साथै पिडकलाई राज्यको कानुनी दायरामा ल्याउन सहयोग गर्ने ।

# परिच्छेद ५
# व्याख्या, अभिलेखीकरण र संसोधन

## ५.१ व्याख्या तथा संसोधन

क) बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशको बाल संरक्षण नीति, २०७८ लाई समय सापेक्ष अव्यवाहरिक र त्रृटिपुर्ण देखिन गएमा संस्थाको साधारण सभाबाट संसोधन गर्न सकिने छ । तर साधारण सभा वस्न ढिलो अवस्था भएमा तत्काल समाधान गर्नु पर्ने आवश्यक्ता भएमा कार्य समितिले निर्णय गरी सो निर्णयलाई एक वर्ष सम्मका लागि नीति सरह जारी गर्न सकिने छ ।

ख) यस नीतिमा उल्लेख गरिएका कुराहरु अस्पष्ट वा दोहोरा अर्थ लाग्ने भएमा संस्थाको कार्यसमितिले व्याख्या गरि निष्कर्ष निकाल्न सक्ने छ र उक्त निष्कर्षलाई अन्तिम निर्णय मानिने छ ।

ग) यस नीतिलाई उल्लंघन गर्ने, संस्थाका पदाधिकारी, सदस्य, कर्मचारी, स्वयम्सेवक तथा साझेदार सेवा प्रदायक कम्पनी, सप्लायर्स लाई संस्थाको शुन्य सहनशिलता नीति अनुसार कारवाही हुनेछ ।

## ५.२ अभिलेखिकरण

यस बाल संरक्षण नीति २०७८ विरुद्धमा भएका सवै घटनाहरुको संस्थाको बाल संरक्षण फोक्ल व्यक्तिलाई रिपोर्ट गरिने छ । संस्थाको बाल संरक्षण फोकल व्यक्तिले त्रैमासिक रुपमा कार्यसमितिको बैठकमा उक्त घटनाहरुको गोपनीयतालाई ध्यानमा राखी तथ्यांकहरु रिपोटिंग गरिने छ । जस्तै :

क) परियोजना कार्यक्षेत्रमा बाल संरक्षण सम्बन्धि कुनै घटना भएमा संस्थाका बाल संरक्षण फोकल व्यक्तिलाई १२ घण्टा भित्र जानकारी दिनु पर्ने छ ।

ख) बाल संरक्षण सम्बन्धि जानकारी विभिन्न कार्यक्रमहरुमा समेत जानकारी गराउनु पर्ने छ ।

ग) यदी कुनै कार्यसमिति सदस्य, कर्मचारी, स्वयम्सेवकहरुले बाल संरक्षणको विपरित आफुमाथी आरोप वा अभियोग लागेको खण्डमा उक्त कर्मचारीले आफ्नो सवाल सुपरभाइजर संस्थाको बाल संरक्षण फोक्ल व्यक्ति समक्ष राख्नु पर्ने छ ।

घ) यदी आफ्नो सुपरभाईजर नै अभियोगको शंकास्पद व्यक्ति हुन गएमा उक्त सवाल आफ्नो संस्थाको बाल संरक्षण फोकल व्यक्ति वा संस्थाको अध्यक्ष सामु राख्नु प्रर्दछ । संस्थाले बाल संरक्षण नीतिको बारेमा आवधिक रुपमा सम्बन्धित पक्ष तथा व्यक्तिहरुलाई अभिमुखीकरण तथा तालिम दिईने छ र उनीहरुको विवरण तथ्यांकमा आधारित अनुसुची ३ मा उल्लेखित फर्ममा तयार गरि कार्यसमितिमा पेश गरिने छ ।

## शव्द एवम् अवधारणाको अर्थ तथा परिभाषा

| | |
|---|---|
| बालबालिका | १८ वर्ष मुनीका कुनै पनि व्यक्तिलाई बालबालिका भनिने छ । |
| बाल दुर्व्यवहार | बालबालिकाहरुको शारिरिक मानसिक तथा भावनात्मक विकासमा आघात पर्ने गरि गरिएका व्यवहारहरु बाल दुर्व्यवहार हुन् । बाल दुर्व्यवहारलाई मानसिक तथा भावनात्मक दुर्व्यवहार शारीरिक दुर्व्यवहार र यौन दुर्व्यवहार गरि व्याख्या गर्न सकिन्छ । |
| मानसिक तथा भावनात्मक दुर्व्यवहार | गालि गर्नु, बालबालिकाको भावनाको वास्ता नगर्नु, जिस्काउनु, खिल्ली उडाउनु, नराम्रो नामले बोलाउनु, व्यंग गर्ने व्यवहार नै भावनात्मक दुर्व्यवहार हुन् । मनोबैज्ञानिक रुपमा असर पार्ने उद्धेश्यले अरुलाइ डरत्रास देखाउने, धम्की दिने, होच्याउने, अपमान गर्ने वा लगातार आलोचना गर्नु, आरोप लगाउनु बेवास्ता गर्नु, सार्वजनीक बेइज्जती हुने खालको सजाय कुनै जनावर वा मुर्खता संग सम्बन्धित नाम राखी बोलाउने, पुच्छर झुण्ड्याउने वा कसै संग नाम जोडेर बोलाउनु पनी मानसिक तथा भावनात्मक दुर्व्यवहार हुन् । |
| शारीरिक दुर्व्यवहार | आफ्नो रिस पोख्न होस वा अनुसाशन कायम गर्न सजाय दिने, जुनसुकै बहानामा पिट्ने, भारी बोकाउने, कुनै पनि तरिकाले शारीरिक चोट पुर्याउनु, कुनै पनि व्यक्तिलाई शारीरिक रुपमा चोटपटक पुग्ने गरि बल वा शक्तिको प्रयोग गर्ने, कुटपिट गर्ने, हातहतियारको प्रयोग गरि आकर्मण गर्ने आदीलाई शारीरिक हिंसा भनिन्छ । कसैले कपाल लुछ्ने, टोक्ने, एसिड खनाउने, जलाउने आदी शारीरिक दुर्व्यवहार अर्न्तगत प्रर्दछन् । |
| यौन दुर्व्यवहार | यौन आशय झल्कने गरि गरिने कुनै पनि कार्य वा यौन अश्लिल भाषा प्रयोग गरि बोलाउने, संम्बेदनशिल अंगहरुमा छुने, छुन लगाउने, अश्लिल चित्र, चलचित्र वा क्रियाकलाप देखाउने, अश्लिल कुराकानी गर्ने, सम्बेदनशिल अंगहरु देखाउनु, हेर्नु भिडियो खिच्नु, विना मन्जुरी कसैलाई यौन सम्पर्क वा करणी गर्नु नै यौन दुर्व्यवहार हो । यौन हैरानी बाटोमा हिड्दा, नाम काडेर वा अन्य कुनै सांकेतिक नामले बोलाउने वा यौन आशय झल्कने कुरा बोल्ने एंव् त्यस्तो व्यवहार देखाउनु पनि यौन दुर्व्यवहार हुन् । |
| शोषण | शारीरिक मानसिक रुपमा नकरात्मक असर पर्ने गरि काम, श्रम तथा यौन शोषण गर्नु । |

**अनुसूची १, बाल अधिकारको लागि साझा अभियान, कर्णाली प्रदेशको बाल संरक्षण नीति, २०७८ मा सहमत हस्ताक्षर पत्र**

बालबालिका सम्बन्धी संयुक्त राष्ट्रसंघले जारी गरेको महासन्धी १९८९ को धारा -१९, बाल संरक्षण सम्बन्धी विश्वव्यापी सिद्धान्तलाई आधार मान्दै बाल अधिकारका लागि साझा अभियान, कर्णाली प्रदेशले बाल अधिकार हनन्, बाल यौन शोषण दुर्व्यवहार, र बाल श्रमका विरुद्धमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । बाल अधिकारका लागि साझा अभियान कर्णाली प्रदेशका पदाधिकारी, सदस्य, स्वयम्सेवक, कर्मचारी र संस्थाको सम्पर्कमा आउने सम्पुर्ण लाभग्राही वा सेवाग्राही व्यक्ति वा संस्था, बालबालिकाको सुरक्षा तथा संरक्षण गर्ने दायित्व प्रति संवेदनशिल हुदै आफ्ना हरेक कार्यक्रम तथा क्रियाकलापहरु अगाडि बढाउदछ । बालबालिका भन्नाले यस नीतिले १८ वर्ष उमेर पुरा नगरेकालाइ जनाउँदछ ।

***<u>बालबालिकाहरु प्रति कहिल्यै गर्न नहुने कार्यहरु :</u>***

१) **बालबालिकालाई पिट्ने वा शारीरिक रूपमा आक्रमण वा शारीरिक दुर्व्यवहार गर्न ।**

२) **१८ वर्ष भन्दा कम उमेरको कसैसँग पनि, शारीरिक रूपमा परिपक्वता र सहमति भएपनि, कुनै पनि प्रकारको यौनजन्य कार्यमा संलग्न हुने वा यौनसम्पर्क राख्ने ।**

३) **बालबालिकासँग कुनै पनि प्रकारको शोषणजन्य वा दूर्व्यवहार ठहर हुन सक्ने सम्बन्धको विकास र व्यवहार गर्न ।**

४) **कुनै प्रकारको दुर्व्यवहार ठहर हुन सक्ने खालको क्रियाकलाप वा बच्चालाई दुर्व्यवहारको जोखिममा पार्न सक्ने क्रियाकलाप गर्ने, गराउन ।**

५) **अनुपयुक्त, नसुहाउने वा दूर्व्यवहार हुने प्रकारको भाषाको प्रयोग, सुझाब वा सल्लाह दिन ।**

६) **अनुपयुक्त वा यौनजन्य उत्तेजना उत्पन्न गराउने प्रकारको शारीरिक व्यवहार गर्न ।**

७) **विशेष प्ररिस्थिति र सम्बन्धित लाइन मेनेजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रमसँग सम्बन्धित बच्चा/बालबालिकासँग घरमा वा कुनै पनि स्थानमा रात बिताउन ।**

८) **कार्यक्रमसँग सम्बन्धित बालबालिका सँग एउटै ओछ्यानमा सुत्न ।**

९) **विशेष परिस्थिति र सम्बन्धित लाइन सुपरभाईजरको पूर्व स्वीकृति लिएकोमा बाहेक कार्यक्रमसँग सम्वन्धित बालबालिका सँग एउटै कोठामा सुत्न ।**

१०) **बालबालिकाले आफै गर्न सक्ने व्यक्तिगत प्रकृतिका कामहरूमा सहयोग गर्न ।**

११) **बालबालिकाको कुनैपनि गैरकानूनी, असुरक्षित वा दुर्व्यवहार जन्य कामलाई बढावा दिने वा त्यसमा भाग लिन ।**

१२) **कुनैपनि क्रियाकलाप जसले बालबालिकालाई लज्जित पार्ने, निरुत्साहित गर्ने, होच्याउने वा अन्य कुनै संवेगात्मक दूर्व्ययवहार हुने खालका क्रियाकलाप गर्न ।**

१३) **कुनै पनि बालबालिकाप्रतिको विभेद, अनुचित फरक व्यवहार वा कसैलाई छुट्याउने गरि कुनै खास बालबालिकालाई बढि सहयोग गर्न ।**

१४) **अरू भन्दा टाढा बालबालिका सँग अनावश्यक रूपमा धेरै समय बिताउन ।**

१५) **अनुचित व्यवहारको आरोप आउने जोखिमपूर्ण परिस्थितिमा आफूलाई पार्न ।**

**यो सूचि आफैंमा पूर्ण होइन । कर्मचारी, विकास साझेदारहरू र अन्य प्रतिनिधिहरूले जहिले पनि त्यस्ता क्रियाकलाप वा व्यवहारबाट टाढा रहनुपर्छ । जुन व्यवहार गलत रूपमा प्रतिविम्बित हुने, निम्नस्तरको ठानिने वा सम्भावित रूपमा दुर्व्यवहारजन्य प्रकारको हुन सक्छ ।**

**माथि उल्लेखित नीतिलाई पूर्ण रुपमा पालना गर्नेछु ।**

**नामः**

**पदः**

**मितिः**

**हस्ताक्षर :**

अनुसूची २ : अभिमुखीकरण प्रदान गरिएको प्रमाण पत्रको नुमुना

बाल अधिकारका लागि साझा अभियान
कर्णाली प्रदेश, वीरेन्द्रनगर सुर्खेत

# प्रमाण पत्र

श्री......................................................................ले मिति .................................मा यस संस्थाको बाल संरक्षण नीतिको बारेमा अभिमुखिकरण कार्यक्रममा सहभागी भएकाले नीतिको पुर्ण प्रयोगमा यहाँले सहयोग गर्नु हुने छ भन्ने आशा सहित यो सहभागीताको प्रमाण पत्र प्रदान गरिएको छ ।

मिति :

____________________________
बाल संरक्षण फोकल पर्सन

अनुसूची ३, अभिमुखीकरण प्राप्त व्यक्तिहरुको विवरण फारम

| साल : | | | | | महिना : | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | अभिमुखिकरण सहभागी संख्या | | | | तालिममा सहभागी संख्या | | | | कैफियत |
| | महिला | पुरुष | अन्य | जम्मा | महिला | पुरुष | अन्य | जम्मा | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |